National News
14/3/2024

मुख्य समाचार:-

- प्रधानमन्त्रीले एकताको प्रतीक शीर्षकको वृत्तचित्रको एउटा एपिसोडलाई गर्नुभयो साझा ।
- एक राष्ट्र-एक चुनावमा उच्च स्तरीय समितिले राष्ट्रपतिलाई सुम्पियो रिपोर्ट।
- सी.ए.ए नागरिकतालाई अधिकार दिने कानून रहेको र कानूनले कसैको पनि नागरिकता नखोस्ने केन्द्रीय गृह मन्त्रीको दाबी।
- जम्मू-कश्मीरमा अनुच्छेद तीनसय सत्तरी हटाइए पछि पंजीकरण गराउने मतदाताको संख्यामा भयो एघाह्र लाखको वृद्धि
- रूसका दूतावासले आज विशव युवा महोत्सवका भारतीय प्रतिभागीहरूका लागि समारोहको गरे आयोजना।

प्रधानमन्त्री-एकता का प्रतीक

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज एक निजी टेलीविजन च्यानल द्वारा देखाइएको Statue of unity: एकताको प्रतीक शीर्षकको वृत्तचित्रको एउटा एपिसोड साझा गर्नुभयो। सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभयो, शानदार Statue of unity मा आधारित यस एपिसोडलाई हेर्नु एक अद्भुत अनुभव हुनेछ ।यसलाई हेरेर सबैलाई छिटो भन्दा छिटो केवडियाको यात्रा गर्ने इच्छा हुनेछ। श्री आनन्द एल राय द्वारा निर्देशित यो वृत्तचित्रले विश्वको सबैभन्दा अग्लो प्रतिमाको निर्माणको प्रारम्भिक स्थितिलाई लिएर यसको विस्मयकारी समापन सम्मको कठिन यात्रालाई देखाउँछ। यो वृत्तचित्र आश्चर्यजनक दृश्य, रोचक तथ्य अनि विस्मयकारी कथा संग युक्त छ।

एक राष्ट्र-एक चुनाव

एक राष्ट्र-एक चुनावमा उच्च स्तरीय समितिले आज नयाँ दिल्लीमा राष्ट्रपती श्रीमती द्रौपदी मुर्मुलाई रिपोर्ट सुम्पीएको छ। पूर्व राष्ट्रपति श्री रामनाथ कोविंदको अध्यक्षतामा यो उच्च स्तरीय समिती गठित गरिएको थियो। समितिले केन्द्रीय गृह मंत्री श्री अमित शाह, विधि अनि न्याय मन्त्री श्री अर्जुन राम मेघवाल, 15औं वित्त आयोगका पूर्व अध्यक्ष एन. के. सिंह अनि अन्य गणमान्य व्यक्तीहरूको उपस्थितिमा यो रिपोर्ट सुम्पियो। विधि अनि न्याय मन्त्रालय अनुसार एक राष्ट्र-एक चुनाव आकांक्षी भारतका लागि मुख्य बिन्दु हो। मंत्रालयले बताएको छ,

सबै सुझावहरूमा सावधानीपूर्वक विचार-विमर्श गरेपछि उच्च स्तरीय समितिले देशभरीमा सबै चुनाव एकै साथ गराउनका लागि दुई चरणको प्रक्रियाको सिफारिश गरेको छ। पहिलो चरणमा लोकसभा अनि राज्य विधानसभाको चुनाव एक साथ गराइन्छ। दोस्रो चरणमा नगरपालिका अनि पन्चायत चुनावको तालमेल लोकसभा अनि राज्य विधानसभाको चुनावका साथ यस प्रकार गरिन्छ र नगरपालिका अनि पंचायत चुनाव लोकसभा अनि राज्य विधानसभाको चुनाव पछि सय दिन भीत्र गराइयोस ।

अमित शाह - सीएए

केन्द्रीय गृह मन्त्री श्री अमित शाहले भन्नुभयो, नागरिकता संशोधन अधिनियम-सी.ए.ए नागरिकतालाई अधिकार दिने कानून हो कानूनले कसैको पनि नागरिकता खोस्ने छैन भन्दै उहाँले स्प्रस्ट गर्नु भयो । समाचार एजेन्सीको साक्षात्कारमा श्री शाहले भन्नुभयो, सी.ए.एले अफगानिस्तान, बांग्लादेश अनि पाकिस्तानदेखी आएका हिन्दू, सिख, बौद्ध, जैन, इसाई अनि पारसी शरणार्थीहरूलाई अधिकार अनि नागरिकता उपलब्ध गराउँछ। उहाँले भन्नुभयो, नागरिकता संशोधन अधिनियमको प्रावधानमा यी सबैलाई समान अधिकार हुनेछ, किनभने अब यी पनि भारतका नागरिक बन्नेछन्। श्री शाहले भन्नुभयो, उनीहरूलाई भारतका नागरीकहरू जस्तै नागरिकता सूचीमा शामिल गरिनेछ अनि उनीहरू पनि चुनाव लड्न सक्छन् तथा सांसद, विधायक, मुख्यमंत्री अनि मन्त्री बन्न सक्नेछन् । गृह मन्त्रीले भन्नुभयो, राष्ट्रीय नागरिकता रेजिस्टार-एन.आर.सी को सी.ए.ए संग कुनै सम्बन्ध छैन ।

जम्मू-कश्मीर-विधानसभा चुनाव

जम्मू-कश्मीरमा अनुच्छेद तीनसय सत्तरी हटाइए पछि पंजीकरण गराउने मतदाताको संख्यामा एघाह्र लाखको वृद्धि भएको छ.। यी मतदाताले विधानसभा चुनावमा मतदान गर्नेछन्। संवाददाताले बताए अनुसार दुई हजार उन्नाइसको मतदाताको कुल संख्या छयात्तर लाख थियो। यसमा उन्चालिस लाख पैतालीस हजार पुरुष मतदाता अनि छतिस लाख अठतिस हजार महिला मतदाता थिए। दुई हजार तेइसमा चलाइएको मतदाता संशोधन अभियानका कारण पहिलो जनवरी दुई हजार चौवीस सम्म मतदाताको संख्या छयासी लाख भन्दा अधिक भएको छ । यो वृद्धिले दुई हजार उन्नाइस पछि लगभग एघार लाख मतदाताको बढेको संख्या दर्शाउछ।

## सीतारामन-गुवाहाटी

केन्द्रीय वित्तमन्त्री श्रीमती निर्मला सीतारामनले भन्नुभएको छ, प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पूर्वोत्तर राज्यमा विशेष ध्यान दिनुभएको छ। भारतीय प्रौदयोगिकी संस्थान गुवाहाटीमा आयोजित विकसित भारत ambasdor कैम्पस संवादमा उहाँले भन्नुभयो, पछिल्लो दश वर्षमा पूर्वोत्तर क्षेत्रले केही उपलब्धी हासिल गरेको छ। श्रीमती सीतारामनले बताउनु भयो, केन्द्रीय मन्त्रीले यस क्षेत्रको आठसय पचास पल्ट यात्रा गर्नुभएको छ।

वित्तमन्त्रीले भन्नुभयो, पूर्वोत्तरमा विकासको अपार संभावना छ अनि यहाँका युवा उत्साही अनि ऊर्जावान छन् । प्रधानमन्त्रीले स्वयं पूर्वोत्तर राज्यलाई भारतको विकासको प्रेरणा स्रोत अनि अभिन्न अङ्ग मान्नु हुन्छ।

## भारतीय युवा प्रतिनिधि मंडल-रूस

नयाँ दिल्लीमा रूसका दूतावासले आज विशव युवा महोत्सवको भारतीय प्रतिभागीहरूका लागि समारोह आयोजना गरेका छन् ।यो महोत्सव एकदेखी सात मार्चमा रूसको सिरयस फेडरल territory सोचीमा आयोजित गरइएको थियो। समारोहको अधक्ष्यता रूसका राजदूत श्री डेनिस आलि पोवले गर्नुभयो। यसमा भारतीय प्रतिभागीले महोत्सवका बारेमा विचार अनि अनुभव गरे।

महोत्सवमा भारतीय तिरंगा सर्वाधिक प्रमुखताका साथ प्रहराउन रूसका राजदूतले यस विषयमा जोड दिनुभयो। उहाँले भन्नुभयो, भारतीय प्रतिनिधीसंग रूसका राष्ट्रपती श्री वला दिमीर पुतिनको बातचीतले यसलाई अझै अधिक भव्य बनाएको छ। आकाशवाणी समाचारसंगको बातचीतमा विश्व युवा महोत्सवमा शामिल भारतीय प्रतिनिधीले रूसको अतिथ्य सत्कारको प्रसंशा गरेका छन्।

## गडकरी-सडक विकास

सडक, परिवहन अनि राजमार्ग मन्त्री श्री नितिन gharkhariले कर्नाटकमा दुई सय पन्चानब्बे सडक विकास परियोजनाका लागि एक हजार तीन सय पचासी करोड रुपियाँ भन्दा अधिकको स्वीकृती दिनुभएको छ । उहाँले भन्नुभयो, यस प्रयासको उदेश्य बुनियादी ढाँचाले उन्नत बनाउनका साथै सम्पर्क सुविधा बढाउने अनि सामाजिक आर्थिक विकासमा तेजी ल्याउनु हो । उहाँले तेलंगानामा चार सय पैतीस किलोमीटर भन्दा लामो एकतीसवटा राज्य सडक परियोजनाका लागि आठ सय पचास करोड रुपियाँको पनि स्वीकृती दिनु भएको छ। उहाँले भन्नुभयो, यसले आर्थिक वृद्धिलाई प्रोत्साहन मिल्छ, स्थानीय पर्यटन बढेनेछन् अनि क्षेत्रिय अर्थव्यवस्था समृद्ध हुनेछ ।

जितेन्द्र-विज्ञान तथा प्रौद्योगिकी

विज्ञान तथा प्रौद्योगिकी मन्त्री डा. जितेन्द्र सिंहले घरेलू तथा विश्वमा वैज्ञानिक उपलब्धीहरूमा भारतको भूमिकाको सराहना गर्नुभयो। नयाँ दिल्लीमा आत्मनिर्भर भारतका लागि विज्ञान-प्रौद्योगिकी पैनोरमाको एक दशक शीर्षकको रिपोर्ट जारी गर्दै डा. जितेन्द्र सिंहेले चन्द्रयान अनि आदित्य एल -1 जस्तो उपलब्धीको उल्लेख गर्दै अन्तरिक्ष अन्वेषणमा भारतको क्षमताको कुरा गर्नुभयो। डा. सिंहले भारतको गगनयान मिशनमा गर्व गर्दै भन्नुभयो, यस मिशनले अंतरिक्ष अन्वेषणमा देशको प्रसिद्धिलाई अझै बढ़ाएको छ। उहाँले जन स्वास्थ्य विशेष गरी भयाक्सीनको विकासमा भारतको नेतृत्वको पनि उल्लेख गर्नुभएको छ। उहाँले स्टार्टअप्स अनि यूनिकर्नको उत्थानको पनि सराहना गर्नुभयो। श्री सिंहले यी क्षेत्रोको सफलताको श्रेय नवाचार अनि आर्थिक वृद्धिलाई बढावा दिनेमा केन्द्रीत सरकारी नीतिहरूलाई दिनुभयो।

रणजी ट्राफी

मुम्बईले विदर्भलाई एक सय उनत्तर रनले हराएर रणजी ट्रफीको खिताब जीतेको छ। मुम्बईले यस जीतका साथ रेकर्ड बयालीस औं रणजी ट्राफीको खिताब जीतेको छ।